राजापुर नगरपालिका दोस्रो नगर सभाको १० औँ अधिवेशनमा २०८३/०३/१० गते

नगर उपप्रमुख श्री मनकला कुमारी चौधरी ज्यूले

प्रस्तुत गर्नुभएको

आर्थिक बर्ष २०८३/०८४ को

बार्षिक विकास कार्यक्रम

(रातो किताब)

राजापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

राजापुर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

२०८३

नगरसभाबाट पारित मिति: २०८३।०३।११

नगर प्रमुखबाट प्रमाणिकरण मिति:२०८३।०३।२५

नगरसभाका सभाध्यक्षज्यू,

नगरसभाका सदस्यज्यूहरु,

१. नेपालको संविधान २०७२ ले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्थानीय तहदेखि नै संस्थागत गर्दै, समृद्ध र स्वावलम्बी राजापुर निर्माणको संकल्पका साथ यस गरिमामय नगर सभाको बैठकमा राजापुर नगरपालिका स्थानिय सरकारको नगर उपप्रमुखको हैसियत ले आगामी आर्थिक वर्ष २०८३/२०८४ को बजेट प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ।

२. गरिमामय नगरसभाको यस बैठकमा उपप्रमुखको हैसियतले आगामी आ.व. २०८३/०८४ को बजेट प्रस्तुत गरि रहदा यस घडीमा म संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका राजनैतिक आन्दोलन, जनक्रान्ती संघर्षहरुमा आफ्नो जिवनको आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात विर शहीदहरुप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु । साथै यस बिशिष्ट घडिमा बेपत्ता, घाईते, अपाङ्ग योद्धाहरुमा मुलुकको अग्रगामी परिवर्तनको लागि उहाँहरुको अभुत पूर्व योगदानलाई उच्च सम्मान प्रकट गर्दछु । साथै नेपाली समाजको राजनैतिक सामाजिक साँस्कृतिक रुपान्तरणको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न अग्रज राजनैतिक नेतृत्व, न्यायपूर्ण समाज र समृद्धिको मार्गमा एकताबद्ध रहेका सम्पूर्ण नगरबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

३. विगतका युगान्तकारी राजनीतिक परिवर्तनबाट प्राप्त उपलब्धीलाई संस्थागत गरी बिकास र सेवाको रुपमा त्यसको लाभलाई नागरिकको घरदैलो सम्म पुऱ्याउदै जनताको नजिकको सरकारको विश्वासिलो अभिभावकको रुपमा राजापुर नगरपालिका स्थानीय सरकारमा नगरबासीको हसिलो मुहार हेर्न धेरै जिम्मेवारी रहेको छ । संघीयताको सफल कार्यान्वयन सुशासन बिकास र गरिबि निवारण माध्यमबाट समाबेशिता र सामाजिक न्याय तथा समाजबाद उन्मुख आर्थिक, सामाजिक, संरचनात्मक बिकास गर्दै समृद्ध राजापुर नगर निर्माणमा आगामी बजेट लक्षित रहेको व्यहोरा सम्मानित नगरसभा समक्ष निवेदन गर्न चाहान्छु । साथै यो बजेट केवल अङ्कहरूको सङ्गालो मात्र होइन, यसले सिङ्गो राजापुरको रूपान्तरण र समृद्धिको स्पष्ट मार्गचित्र बोकेको छ। यस बजेटको सफल कार्यान्वयनबाट राजापुर नगरपालिका

आर्थिक, सामाजिक र वातावरणीय रूपमा एक नमूना र सुरक्षित नगर बन्ने विश्वास मैले लिएको छु।

सम्मानित नगरसभाका सभाध्यक्ष महोदय,

४. विश्वव्यापी रुपमा देखा परेका आर्थिक परिदृश्य तथा केही आन्तरिक बिचलनले समग्र अर्थतन्त्रमा उत्पन्न शिथिलताले स्थानीय अर्थतन्त्रमा पनि दवाव रहेको छ । चालु आ.व. मा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र बाडफाट भई प्राप्त हुने राजश्वमा आएको संकुचन तथा स्थानीय सरकार राजश्व समेत लक्ष्य अनुरुप संकलन हुन नसक्दा बजेट कार्यान्वयनमा थप चुनौती तथा स्थानीय सरकारको बित्त सन्तुलनमा चाप परेको अवस्था छ ।

५. चालु आ.व. मा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अर्थतन्त्रमा आएको संकचुनको परिमाण स्वरुप स्थानीय सरकारको राजश्व तथा स्रोत परिचालनमा आएको गिरावटले हाम्रा पुर्वनिर्धारित लक्ष्य अनुसारको प्रगति हासिल गर्न हाम्रो सामु ठुलो चुनौती देखा परेको छ । उल्लेखित चुनौतीको सम्बोधन गर्दै स्थानीय तहको सार्वजनिक सेवा प्रवाह, सुशासनको प्रत्याभुती र नगरवासीको विकासको आकांक्षा पुरा गर्न तथा स्थानीय अर्थतन्त्रलाई समाजवाद उन्मुख सामाजिक न्यायमा आधारित समावेशी सन्तुलित समाजको निर्माण साथै उच्च आर्थिक वृद्धि हासिल गर्न यो बजेट केन्द्रित रहेको व्यहोरा म सम्मानित सभालाई जानकारी गराउँदछु ।

सम्मानित सभाका सभाध्यक्ष महोदय,

६. आगामी आ.व. २०८३/०८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेका लोकतान्त्रिक मान्यतामा आधारित समाजवाद उन्मुख स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्र विकासको लक्ष्य, नेपाल सरकारको सोह्रौ आवधिक योजना, स्थानीय सरकारको विविध गुरुयोजना तथा रणनैतिक लक्ष्यहरु, स्थानीय सरकारका नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु प्राप्तीका सम्बन्धमा गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु, विनियोजन विधेयक २०८३ को सिद्धान्त र प्राथमिकताहरु, नगरसभाका सदस्यहरुबाट प्राप्त अमुल्य सुझावहरु तथा निर्वाचनका क्रममा जनता माझ गरिएका घोषणा तथा आश्वासन लाई प्रमुख मार्गदर्शनको रुपमा लिएको छु । साथै आम नगरवासी, राजनीतिक दल, विधत्व वर्ग, नागरिक समाज, निजी क्षेत्र लगायतका सरोकारवालाहरुको प्राप्त सुझावहरुलाई समेत आधारको रुपमा ग्रहण गरेको छु ।

७. आम नगरवासीहरुमा संघीयता प्रतिको भरोसा र स्थानीय सरकारको प्रभावकारितालाई जनताको नजिकको सरकारका रुपमा थप विश्वास जगाउन आगामी आ. व. को बजेट निर्देशित रहने व्यहोरा म सम्मानित सभालाई जानकारी गराउँदछु।

अव म आर्थिक वर्ष २०८३/०८४ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहान्छु।

बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् :-

क) शिक्षा र स्वास्थ्य क्षेत्रको गुणात्मक सुधार गरी मानव पूँजी निर्माण गर्ने।
ख) उद्यमशिलता सीप बिकास मार्फत स्वरोजगारी सिर्जना गरी गरीबी निवारण गर्ने।
ग) कृषि क्षेत्रको विकास र व्यवसायिकरण गर्दै उत्पादन र उत्पादकत्व बृद्धि गर्ने।
घ) सन्तुलित र समन्यायीक पूर्वाधार विकास गर्दै दिगो विकासलाई आत्मसाथ गर्ने।

बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छन् :-

क) गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा
ख) सडक, सिंचाई र अन्य भौतिक पूर्वाधार
ग) सीप विकास, उद्यमशिलता र स्वरोजगार
घ) प्रभावकारी सार्वजनिक सेवा र सुशासन

सम्मानित सभाका सभाध्यक्ष महोदय,

क) अव म आगामी वर्षको बजेटको मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहान्छु।
ख) आगामी आर्थिक वर्षको पुजिँगत तर्फ रु ५५ करोड ३८ लाख ६० हजार रुपैया र चालु तर्फ ६१ करोड ६३ लाख ५० हजार गरि जम्मा १ अर्ब १७ करोड २ लाख १० हजार रुपैया को बजेट यस सम्मानित सभामा पेश गर्दुछु।
ग) आगामी आर्थिक वर्षमा वडाहरुलाई रु. ५ करोड १० लाख विनियोजन गरेको छु।

शिक्षा युवा तथा खेलकुद

सभाध्यक्ष महोदय

९. नगर अनुदान शिक्षक र कर्मचारीहरुको तलबभत्ता, चाडपर्व खर्च र पोशाक खर्च र बालविकास शिक्षक, विद्यालय कर्मचारी, सामाजिक सिकाई केन्द्र परिचालक र शिशु स्याहार केन्द्रको परीचालकहरुको पालिकाबाट थप तलबभत्ता को लागी रु ३ करोड ८० लाख बिनियोजन गरेको छु।

१०. शिक्षालाई नागरिकको मौलिक हकका रूपमा स्थापित गर्दै आर्थिक अभावकै कारण नगरका कुनै पनि प्रज्ञावान् युवाहरू उच्च शिक्षाको अवसरबाट बञ्चित हुन नपरोस् भनी यस नगरपालिकाले विगतका वर्षहरूदेखि लिँदै आएको **'कक्षा ११ र १२ निःशुल्क शिक्षा'** नीतिलाई आगामी आर्थिक वर्षमा पनि गौरवका साथ निरन्तरता दिएको छ।यस अनुदान मार्फत कक्षा ११ र १२ मा कार्यरत शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक/तलब व्यवस्थापन र विद्यालय स्तरमा सञ्चालन हुने त्रैमासिक, अर्धवार्षिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन खर्च नगरपालिकाले ब्यहोर्ने व्यवस्थालाई निरन्तरता दिँदै आवश्यक बजेट रु ४५ लाख विनियोजन गरेको छु। यस कार्यक्रमले राजापुरका सामुदायिक विद्यालयहरूमा शैक्षिक निरन्तरता र समतामूलक पहुँच सुनिश्चित गर्ने विश्वास लिएको छु।

११. नगरपालिकाको विकासको वास्तविक मापक यहाँको शैक्षिक गुणस्तर हो। हाम्रा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८ र कक्षा १० का विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई गुणात्मक रूपमा वृद्धि गर्न आगामी आर्थिक वर्षमा एक विशेष र रणनीतिक अभियान घोषणा गर्दछु। विद्यालय, शिक्षक र अभिभावकको त्रिकोणात्मक साझेदारीमा 'सिकाइ उपलब्धि वृद्धिका लागि सुनौला ९० दिन कार्यक्रम' सञ्चालन गरिनेछ। यसको लागी रु २० लाख बिनियोजन गरेको छु।

१२. परम्परागत शिक्षण सिकाइ विधिलाई विस्थापित गर्दै हाम्रा सामुदायिक विद्यालयहरूलाई प्रविधिमैत्री र सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्न नगरपालिका प्रतिबद्ध रहेको छ। आधुनिक सिकाइको आधार विकास गर्न, बालबालिकाहरूमा सिकाइप्रति आकर्षण बढाउन र समग्र शैक्षिक गुणस्तरमा गुणात्मक रूपान्तरण ल्याउन आगामी आर्थिक वर्षदेखि एक नवप्रवर्तनात्मक कार्यक्रमको थालनी गर्ने घोषणा गर्दछु।संघीय सरकारको सूचना प्रविधि तथा आइसिटी (ICT) कार्यक्रमसँग लागत साझेदारी (Cost Sharing) गर्दै नगर भित्रका सामुदायिक विद्यालयहरूमा **'एक विद्यालय, एक स्मार्ट बोर्ड**

कार्यक्रम' सञ्चालन गरिनेछ। यस कार्यक्रम मार्फत पहिलो चरणमा छनोट भएका विद्यालयका कक्षाकोठाहरूमा अत्याधुनिक स्मार्ट बोर्ड (Interactive Touch Panel) जडान गरी श्रव्य-दृश्य (Audio-Visual) माध्यमबाट रैथाने र आधुनिक पाठ्यक्रम अध्यापन गराइनेछ। यस साझेदारी कार्यक्रमका लागि नगरपालिकाको तर्फबाट रु. १९ लाख बजेट विनियोजन गरेको छु।

१३. नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा सञ्चालन हुने आवधिक तथा वार्षिक परीक्षाहरूलाई थप मर्यादित, व्यवस्थित, निष्पक्ष र प्रविधिमैत्री बनाउन विशेष जोड दिइनेछ। पाठ्यक्रमको मर्म अनुरूप विद्यार्थीहरूको सिकाई उपलब्धिको सही मूल्याङ्कन सुनिश्चित गर्नआगामी वर्ष विद्यालय परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइएको छ। यस कार्यक्रमका लागि रु. २२ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छु।

१४. **खेलौँ, रमाऔँ, विद्यालयलाई दोस्रो घर बनाऔँ'** भन्ने संकल्पका साथ प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ३ सम्मका बालबालिकाहरूका लागि विद्यालय प्राङ्गणमा आधुनिक खेल सामग्री, बाल-बगैँचासहितको रमणीय वातावरण र कक्षाकोठामा बालमैत्री शैक्षिक सामग्रीको व्यवस्थापन गरिनेछ। विद्यार्थीहरूमा **'पढौँ पढौँ, सिकौँ सिकौँ'** को अवस्था सिर्जना गरी प्राथमिक तहको सिकाइ जगलाई सबल बनाउन यस कार्यक्रमको लागी १२ लाख ५० हजार बिनियोजन गरेको छु।"

१५. स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मूल नाराका साथ स्थानीय स्तरमा लुकेर रहेका खेल प्रतिभाहरूको पहिचान र विकास गर्न विभिन्न खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ। युवा लक्षित सृजनात्मक गतिविधि र खेलकुद क्षेत्रको समष्टिगत विकासका लागि आगामी आर्थिक वर्षका लागि रु. ११ लाख विनियोजन गरेको छु।

१६. नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूको प्रशासनिक तथा शैक्षिक नेतृत्वलाई थप सुदृढ र उत्प्रेरित बनाउन प्रधानाध्यापक प्रोत्साहन भत्ता कार्यक्रमलाई विगत वर्षहरूमा झैं आगामि वर्ष पनि थप परिमार्जन सहित निरन्तरता दिएको छु।। यस अन्तर्गत आधारभूत विद्यालय (कक्षा १–५) का प्रधानाध्यापकलाई मासिक रु. २,०००/–, आधारभूत विद्यालय (कक्षा १–८) का प्रधानाध्यापकलाई मासिक रु. ३,०००/– र माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई मासिक रु. ४,०००/– का दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ। यस कार्यक्रमका लागि आगामी आर्थिक वर्षका लागि कुल **रु. १० लाख २०** रुपैयाँ बजेट विनियोजन गरेको छु।

१७. **आधारभूत शिक्षा पाउनु सबैको अधिकार; जसको कोही छैन, सहारा बन्छ स्थानीय सरकार"** भन्ने मूल मर्मलाई आत्मसात् गर्दै यस नगरपालिकाभित्रका विद्यालय उमेर समूहका शतप्रतिशत बालबालिकालाई विद्यालयमा भर्ना गराई **"अनिवार्य**

आधारभूत शिक्षा सुनिश्चित पालिका" घोषणा गर्ने नीति लिएको छु। यस अन्तर्गत आर्थिक रूपले अति विपन्न, अपाङ्गता भएका, अभिभावकविहीन तथा पालनपोषण र संरक्षण नपाएका बालबालिकाहरूको स्थानीय सरकारले नै पूर्ण अभिभावकत्व ग्रहण गर्ने व्यवस्था मिलाएको छु। त्यस्ता लक्षित बालबालिकाहरूलाई विशेष व्यवस्थासहित गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आगामी आर्थिक वर्षका लागि रु. १० लाख विनियोजन गरेको छु।

१८. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र शिक्षण सिकाईलाई नतिजामुखी बनाउन कार्यरत शिक्षकहरूको पेशागत क्षमता विकास गरिनेछ। यस अन्तर्गत कक्षागत तथा विषयगत शिक्षकहरूका लागि परिमार्जित पाठ्यक्रम, विशिष्टीकरण तालिका बमोजिमको प्रश्नपत्र निर्माण (Item Writing) तथा स्थानीयस्तरमा उपलब्ध स्रोत साधनको प्रयोग गरी शैक्षिक सामग्री निर्माण सम्बन्धी सघन क्षमता विकास तालिम सञ्चालन गर्न रु. ९ लाख बजेट विनियोजन गरेको छु।

स्वास्थ्य

सभाध्यक्ष महोदय

१९. नगरवासीहरूको स्वास्थ्य सम्बन्धि मौलिक अधिकारको ग्यारेन्टी गर्दै आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच स्थापित गर्न निशुल्क वितरणका लागि आवश्यक औषधि तथा औषधिजन्य सामग्री खरिद कार्यलाई निरन्तरता दिइएको छ। यस कार्यक्रमका लागि रु. ५० लाख रुपैयाँ विनियोजन गरेको छु। यसबाट स्थानीय स्वास्थ्य संस्थाहरूमा औषधिको उपलब्धता सुनिश्चित भई गरिब, विपन्न तथा पिछडिएका नागरिकहरू प्रत्यक्ष लाभान्वित हुने विश्वास लिएको छु।

२०. नगरभित्रका गर्भवती तथा सुत्केरी आमाहरूको पोषण सुरक्षा सुनिश्चित गर्दै मातृ–शिशु स्वास्थ्यमा सुधार ल्याउन **'नगर प्रमुख मातृ–शिशु पोषण कार्यक्रम'** लाई यस वर्ष पनि थप ऊर्जाका साथ निरन्तरता दिइएको छु यस कार्यक्रम अन्तर्गत नगरभित्रका स्वास्थ्य चौकीमा जाँच गराउन आउने सम्पूर्ण गर्भवती र सुत्केरी आमाहरूलाई लक्षित गरी निशुल्क दूध वितरण गर्न आगामी आर्थिक वर्षका लागि रु. ४५ लाख बजेट विनियोजन गरेको छु। यसले सुरक्षित मातृत्व र स्वस्थ पुस्ता निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

२१. नगरपालिकाको स्वास्थ्य सेवालाई घरदैलोसम्म पुऱ्याउन अहोरात्र खटिने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको समर्पणप्रति उच्च सम्मान व्यक्त गर्दछु।

निजहरूको मनोबल बढाउन र कार्यसम्पादनलाई थप सबल बनाउन कार्यसम्पादनमा आधारित सम्मान स्वरूप अतिरिक्त खाजा खर्चका लागि रु. १३ लाख रुपैयाँ विनियोजन गरेको छु। यस प्रोत्साहनबाट स्वयंसेविकाहरूमा थप ऊर्जा पैदा भई स्थानीय स्तरमा मातृ तथा बाल स्वास्थ्य र आधारभूत स्वास्थ्य सूचकहरूमा उल्लेखनीय सुधार आउने दृढ विश्वास र अपेक्षा लिएको छु।

२२. हाम्रा आदरणीय जेष्ठ नागरिक र समाजका अत्यन्तै संवेदनशील वर्गका रूपमा रहेका असक्त अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य र सम्मानपूर्ण जीवनयापनप्रति यो नगर सरकार पूर्ण रूपमा प्रतिबद्ध छ। अस्पतालसम्म पुग्न नसक्ने उहाँहरूको बाध्यता र अवस्थालाई मध्यनजर गर्दै दक्ष स्वास्थ्यकर्मीहरूको टोलीद्वारा घरदैलोमै पुगी नियमित स्वास्थ्य परीक्षण, निःशुल्क औषधि उपचार तथा स्वास्थ्य परामर्श सेवा उपलब्ध गराउनहाम्रो क्लिनिक, जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ। यस मानवीय र कल्याणकारी कार्यका लागि आगामी आर्थिक वर्षका लागि म **रु. १२ लाख** बजेट विनियोजन गरेको छु । यस सेवाले कोही पनि नगरबासि उपचार र परामर्शबाट बञ्चित हुनुपर्ने छैन भन्ने विश्वास लिएको छु।

२३. प्राकृतिक र आयुर्वेदिक उपचार पद्धतिलाई सर्वसाधारणको पहुँचमा पुऱ्याई 'स्वस्थ र निरोगी राजापुर' को संकल्प पूरा गर्न राजापुर नगरपालिका कटिबद्ध छ । नगरवासीहरूमा निरोगी जीवनशैलीको विकास गर्न यस केन्द्रमार्फत उपलब्ध हुने आयुर्वेद सेवा, स्वास्थ्य परामर्श तथा योग साधना कार्यक्रमलाई थप सुदृढ, गुणस्तरीय र व्यवस्थित बनाउन आगामी आर्थिक वर्षका लागि म **रु. ५ लाख लाख रुपैयाँ** बजेट विनियोजन गरेको छु । यस केन्द्रको स्तरोन्नतिले नागरिकको स्वास्थ्य र कल्याणमा महत्वपूर्ण टेवा पुग्ने विश्वास लिएको छु।

२४. राजापुर नगरपालिकालाई पूर्ण रूपमा क्षयरोग मुक्त बनाउने दीर्घकालीन लक्ष्य प्राप्तिका लागि स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उच्चतम प्रयोग गर्ने नीति लिइनेछ। **'क्षयरोग मुक्त पालिका कार्यक्रम'** लाई थप प्रभावकारी र परिणाममुखी बनाउन समुदाय स्तरसम्म बृहत् जनचेतना जगाउनुका साथै ए आई (AI) प्रविधिको माध्यमबाट समुदायमै पुगेर द्रुत एवं भरपर्दो क्षयरोग परीक्षण अभियान सञ्चालन गरिनेछ। आधुनिक स्वास्थ्य प्रविधिको प्रयोग गरी रोगको पहिचान र उपचारलाई गति दिन आगामी आर्थिक वर्षका लागि म **रु. १० लाख** बजेट विनियोजन गरेको छु । यस नवप्रवर्तनकारी प्रविधिको

प्रयोगले क्षयरोगको समयमै पहिचान भई अमूल्य नागरिकको जीवन रक्षा हुने विश्वास लिएको छु।

२५. नगरभित्रका सुनौला हजार दिनका आमा र बच्चाको पोषण स्थितिमा सुधार ल्याई मानव पुँजीको जग मजबुत बनाउन संघीय सरकारसँगको लागत साझेदारीमा **'बहुक्षेत्रीय पोषण कार्यक्रम'** लाई निरन्तरता दिइएको छ। स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ जस्ता बहुआयामिक क्षेत्रहरूलाई एकीकृत गर्दै कुपोषण न्यूनीकरणका लागि समुदाय स्तरमा सञ्चालन गरिने यस कार्यक्रमका लागि नगरपालिकाको तर्फबाट म्याचिङ फण्ड (लागत साझेदारी) स्वरूप आगामी आर्थिक वर्षका लागि म रु. ७ लाख बजेट विनियोजन गरेको छु। संघीय सरकारको अनुदान र नगरको यो साझेदारीले राजापुरलाई पूर्ण पोषणयुक्त पालिका बनाउन कोशेढुङ्गाको काम गर्ने विश्वास लिएको छु।

२६. पछिल्लो समय जनस्वास्थ्यको मुख्य चुनौतीका रूपमा देखा परिरहेका उच्च रक्तचाप, मधुमेह, मुटुरोग, क्यान्सर र मिर्गौला रोग जस्ता नसर्ने रोगहरू को रोकथाम र नियन्त्रणका लागि राजापुर नगरपालिकाले विशेष रणनीति अख्तियार गर्नेछ। नागरिकहरूमा स्वास्थ्य सचेतना फैलाउन र रोगको प्रारम्भिक अवस्थामै पहिचान गरी अकाल मृत्युबाट बचाउन **'नसर्ने रोग सम्बन्धी अभिमुखीकरण तथा बृहत् स्क्रिनिङ्ग क्याम्प'** सञ्चालन गरिनेछ। समुदाय स्तरमै पुगेर नागरिकहरूको स्वास्थ्य परीक्षण गर्ने र सचेत गराउने यस स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका लागि आगामी आर्थिक वर्षका लागि म रु. ६ लाख लाख रुपैयाँ बजेट विनियोजन गरेको छु। यस कार्यक्रमले नगरवासीमा स्वस्थ जीवनशैलीको विकास गर्न मद्दत पुग्ने विश्वास लिएको छु।

२७. हाम्रो नगरको स्वास्थ्य क्षेत्रको मेरुदण्डका रूपमा अहोरात्र खटिएर मातृत्व, बाल स्वास्थ्य र समुदायको स्वास्थ्य सुरक्षामा निःस्वार्थ सेवा पुऱ्याउने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको उच्च योगदानको यो नगर सरकार हार्दिक कदर गर्दछ। उहाँहरूको मनोबल उच्च बनाउन र सेवा प्रवाहलाई अझ बढी जिम्मेवार एवं गुणस्तरीय बनाउन **'सूचकमा आधारित उत्कृष्ट महिला स्वयंसेविका सम्मान तथा पुरस्कार कार्यक्रम'** सञ्चालन गरिनेछ। निश्चित स्वास्थ्य सूचकहरूमा उत्कृष्ट कार्यसम्पादन गर्ने स्वयंसेविकाहरूलाई पहिचान गरी सार्वजनिक रूपमा सम्मान र पुरस्कृत गर्न आगामी आर्थिक वर्षका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु। यस प्रोत्साहनले स्वास्थ्य क्षेत्रमा थप उत्साह र प्रतिष्पर्धात्मक ऊर्जा थप्ने विश्वास लिएको छु।

सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण

सभाध्यक्ष महोदय,

२८. राजापुर चोक बजार देखि अमर शहिद बहुमुखि क्याम्पस सम्म सडक कालोपत्रे क्रमागत आयोजनाको लागी रु १ करोड तिस लाख बिनियोजन गरेको छु।

२९. राजापुर १० कोठियाघाट पिकनिक स्पोर्टमा शहिदहरुको शालिक निर्माण लागी रु १ करोड १५ लाख बिनियोजन गरेको छु।

३०. वडा नं ४ प्राथामिक स्वस्थ्य केन्द्र जाने सडक कालोपत्रे क्रमागत आयोजनाको लागी रु ६० लाख बिनियोजन गरेको छु।

३१. वडा नं. ८ धोबिनपुर देखि पुरैना जाने सडक कालोपत्रे क्रमागत आयोजना को लागी ५० लाख बिनियोजन गरेको छु।

३२. राम मन्दिर देखि झा मेडिकल सम्मको सडक कालोपात्रे क्रमागत आयोजनाको लागी रु ९० लाख बिनियोजन गरेको छु।

३३. मुरैया लालपुर सडक फेज २ आयोजनाको लागी रु ६० लाख बिनियोजन गरेको छु।

३४. वडा न. ५ त्रिबेणिबजार देखि वडा नं. ६ जोगीपुर सम्म सडक कालोपत्रे क्रमागत आयोजना को लागी रु ५० लाख बिनियोजन गरेको छु।

३५. बर्दिया जिल्ला राजापुर न.पा. वडा नं. ६ र ९ मा टपरा -इश्वरीगञ्ज सडक स्तरोन्नती कार्य आयोजनाको लागी २० लाख बिनियोजन गरेको छु।

३६. मुरैया लालपुर सडक फेज ३ आयोजना को लागी ४५ लाख बिनियोजन गरेको छु।

३७. नेपाल बैङ्क लि. देखि रहिस को पसल हुदै पश्चिम मस्जिद जाने सडक स्तरोन्नती आयोजना को लागी रु ९० लाख बिनियोजन गरेको छु।

३८. ओस्ताजपुर देखि वडा न ८ कार्यालय सम्म सडक कालोपत्रे आयोजना लागी रु ५० लाख बिनियोजन गरेको छु।

३९. मुरैया लालपुर सडक फेज १ क्रमागत आयोजनाको लागी रु ७० लाख बिनियोजन गरेको छु।

कृषि शाखा

सभाध्यक्ष महोदय

४०. राजापुर नगरपालिकाको मुख्य आर्थिक आधार कृषि नै हो। यहाँका मिहिनेती कृषकहरूले उत्पादन गरेका आलु, तरकारी, फलफूल र अन्य कृषि उपजहरू भण्डारणको अभावमा सिजनकै बेला सस्तो मूल्यमा बेच्नुपर्ने वा कुहिएर जाने अवस्था छ। कृषकहरूको यो दशकौंदेखिको पीडालाई सम्बोधन गर्न र कृषिमा आत्मनिर्भरता बढाउन आगामी आर्थिक वर्षमा **'राजापुर नगर शीत गृह (Cold Storage) निर्माण तथा सञ्चालन आयोजना'** लागी रु २ करोड बिनियोजन गरेको छु।

४१. राजापुरको अन्न भण्डारलाई अझ बढी उत्पादक र प्रतिस्पर्धी बनाउन परम्परागत खेती प्रणालीलाई प्रविधि र मेसिनरीसँग जोड्नु अपरिहार्य भइसकेको छ। श्रमशक्तिको अभाव र बढ्दो उत्पादन लागतका कारण मर्कामा परेका हाम्रा मिहिनेती किसानहरूलाई राहत दिन आगामी आर्थिक वर्षमा "हातमा कोदालो होइन, खेतमा आधुनिक यन्त्र; कृषि यन्त्रीकरण नै हो राजापुर समृद्धिको मन्त्र" भन्ने नारा सहित संघिय सरकारको साझेदारिमा **'कृषि यन्त्रीकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम'** सञ्चालन को लागी रु २ करोड बियोजन गरेको छु।

४२. जलवायु परिवर्तनका कारण उत्पन्न हुने प्राकृतिक प्रकोप र महामारीबाट हाम्रा किसानहरूले आफ्नो मेहनत र लगानी गुमाउन नपरोस् भन्ने कुरामा यो नगरपालिका गम्भीर छ। खेतीपाती र पशुपालनमा हुने जोखिमलाई न्यून गर्न र किसानको आत्मविश्वास बढाउन आगामी आर्थिक वर्षदेखि **'किसानसँग नगरपालिका: निशुल्क कृषि तथा पशु बिमा कार्यक्रम'** सन्चालनको लागी रु १० बजेट बिनियोजन गरेको छु।

४३. राजापुर नगरपालिकाभित्रका आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका नागरिकहरूको खाद्य सुरक्षा, पोषण सुधार र जीविकोपार्जनका अवसरहरू अभिवृद्धि गर्न आगामी आर्थिक वर्षमा **'एक घर, एक करेसाबारी प्रवर्धन कार्यक्रम'** लाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत नगरभित्रका महिला, मुक्त कमैया, कमलहरी तथा द्वन्द्वपीडित परिवारहरूलाई लक्षित गरी आवश्यक प्रविधि, बिउबिजन तथा सीपमूलक अभिमुखीकरण प्रदान गरिनेछ। यस कार्यक्रमका लागि आगामी आर्थिक वर्षका लागि रु. १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु।

४४. कृषकहरूका बालीनालीमा अचानक आउने महामारी, रोगव्याधि तथा कीराहरूको प्रकोपलाई तत्काल नियन्त्रण गरी कृषिको उत्पादकत्व कायम राख्न आगामी आर्थिक वर्षमा **'आकस्मिक बाली संरक्षण तथा विषादी व्यवस्थापन तालिम कार्यक्रम'** सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत कृषकहरूलाई रासायनिक विषादीको सुरक्षित तथा समुचित प्रयोग, एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) प्रविधि र आकस्मिक बाली उपचार सम्बन्धी प्रयोगात्मक सीप प्रदान गरिनेछ। यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि रु. १० लाख रुपैयाँ विनियोजन गरेको छु

४५. नगरपालिकाभित्र मकै उत्पादनमा आत्मनिर्भरता बढाउन तथा कृषकहरूको लागत न्यूनीकरण गर्न **'बसन्ते मकै प्रवर्द्धन तथा मकैको बीउ वितरण कार्यक्रम'** सञ्चालन गरिनेछ। यस कार्यक्रमअन्तर्गत कृषकहरूलाई ५० प्रतिशत अनुदानमा उन्नत जातको मकैको बीउ उपलब्ध गराउन रु. ५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु। यस कार्यक्रमबाट नगरभित्र मकैको उत्पादन र उत्पादकत्वमा वृद्धि हुने, बीउमा आत्मनिर्भरता बढ्ने र कृषकहरूको आर्थिक जीवनस्तरमा सकारात्मक परिवर्तन आउने अपेक्षा लिएको छु।

४६. **कृषिमा आधुनिक प्रविधिको विस्तार: राजापुरको आर्थिक समृद्धिको आधार'** भन्ने मूल नाराका साथ नगरका कृषकहरूलाई डिजिटल तथा यान्त्रिक प्रविधिसँग जोड्न **'नविनतम कृषि प्रविधि प्रवर्द्धन तथा वितरण कार्यक्रम'** का लागि रु. ५ लाख बजेट बिनियोजन गरेको छु ।यस कार्यक्रमबाट कृषि कार्यमा लाग्ने लागत र श्रम घट्ने, युवाहरू कृषि उद्यम तर्फ आकर्षित हुने र व्यावसायिक कृषि प्रणालीको जग बस्ने अपेक्षा लिएको छु।

४७. लैंगिक समानता, सामाजिक समावेशीकरण र न्यायलाई आत्मसात गर्दै नगरका महिला, मुक्तकमैया, कमलहरी तथा द्वन्द्वपीडित परिवारहरूको जीवनस्तर उकास्न विशेष प्राथमिकता दिइनेछ। कम लागत र थोरै जमिनमा पनि राम्रो आम्दानी गर्न सकिने च्याउ खेतीलाई उद्यमको रूपमा विकास गर्न **'लक्षित वर्ग च्याउ खेती प्रवर्द्धन कार्यक्रम'** का लागि **रु. २ लाख** बजेटको व्यवस्था मिलाएको छु। यस कार्यक्रमले लक्षित समुदायलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन कोशेढुङ्गाको काम गर्ने **विश्वास** लिएको छु

४८. हाम्रा शिक्षण संस्थाहरूलाई केवल ज्ञानआर्जनको केन्द्र मात्र नभई वातावरणीय चेतना र दिगो विकासको पाठशालाका रूपमा रूपान्तरण गर्न आवश्यक छ। यसै सन्दर्भमा, विद्यालय उमेरदेखि नै बालबालिकाहरूमा प्रकृति संरक्षणको भावना विकास गर्न

नगरभित्रका सामुदायिक विद्यालयहरूमा **'हरियो विद्यालय कार्यक्रम'** सञ्चालन गरिनेछ। यस अन्तर्गत विद्यालय परिसरमा वृक्षारोपण, बगैँचा निर्माण, फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन र पर्यावरण संरक्षण सम्बन्धी सचेतनाका लागि **रु. २ लाख रुपैयाँ**बजेट विनियोजन गरेको छु।

पशु सेवा शाखा

सभाध्यक्ष महोदय

४९. कृषि सँगसँगै पशुपालन व्यवसायलाई नगरको आर्थिक समृद्धिको बलियो आधारको रूपमा विकास गरिनेछ। **'स्वस्थ पशुधन: कृषकको धन'** भन्ने मूल मान्यताका साथ नगरभित्र पालिएका पशुपन्छीमा लाग्ने विभिन्न संक्रामक तथा अन्य रोगहरूको रोकथाम र प्रभावकारी उपचारको व्यवस्था मिलाइनेछ। यसका लागि नगरपालिकाको पशु सेवा शाखामार्फत कृषकहरूलाई सहज रूपमा आवश्यक औषधि उपलब्ध गराउन **'भेटेरिनरी औषधि खरिद कार्यक्रम'** सञ्चालन गर्न **रु. १० लाख रुपैयाँ** बजेट विनियोजन गरेको छु ।यस कार्यक्रमबाट पशुजन्य उत्पादन (दूध, मासु, अण्डा) मा वृद्धि हुने र कृषकहरूको लगानी सुरक्षित भई आयआर्जनमा वृद्धि हुने **अपेक्षा** लिएको छु।

५०. अपाङ्गता भएका नागरिकहरूको आत्मसम्मानपूर्ण जीवनयापन र उहाँहरूको आर्थिक सबलीकरणका लागि नगरपालिका सधैं संवेदनशील रहेको छ। **'अपाङ्गता भएका व्यक्तिको स्वरोजगार: आत्मनिर्भर समाजको आधार'** भन्ने मूल मर्मका साथ 'ग' र 'घ' वर्गको अपाङ्गता भएका व्यक्तिहरूलाई घरमै बसी सहज रूपमा आयआर्जनको अवसर सिर्जना गर्न **'लक्षित समुदाय ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम'** सञ्चालन गरिनेछ।यस कार्यक्रम अन्तर्गत प्राविधिक सिकाई, खोर निर्माणमा सहयोग र उन्नत जातका ग्रामीण कुखुराका चल्ला वितरणका लागि **रु. ५ लाख रुपैयाँ** बजेट विनियोजन गरेको छु। यस कार्यक्रमबाट लक्षित परिवारहरूको आयआर्जनमा सुधार आउने र उहाँहरूको पोषणको स्तर समेत माथि उठ्ने **अपेक्षा** लिएको छु ।

५१. **कृषकको गोठ, नगरपालिकाको अठोट: व्यावसायिक पशुपालनमा हाम्रो जोड** भन्ने मुल मर्म सहित राजापुर नगरपालिकाको अर्थतन्त्रको मुख्य खम्बाको रूपमा रहेको कृषि तथा पशुपालन क्षेत्रको सबलीकरणका लागि पशु स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखेको छु । पशु रोगको प्रकोप न्यूनीकरण गरी पशुपालकहरुको लगानी सुरक्षित गर्न पशुजन्य उत्पादकत्व बढाउन र परम्परागत पशुपालनलाई व्यावसायिकतातर्फ रूपान्तरण गर्न साथै पशु स्वास्थ्य सेवालाई किसानको गोठदैलोसम्म पुऱ्याउन नगरका विभिन्न वडाहरूमा प्राविधिक टोलीसहितको **पशु स्वास्थ्य शिविर**

कार्यक्रमका लागि **रु. ४ चार लाख बजेट बिनियोजन** गरेको छु । यस कार्यक्रम बाट आधुनिक पशुपालन प्रविधि र स्वास्थ्य परामर्शका माध्यमबाट कृषकहरूको मनोबल उच्च भई पशुपालन क्षेत्रमा थप लगानी आकर्षित हुने अपेक्षा गरेको छु ।

५२. पशुपालनको लागत न्यूनीकरण गरी व्यावसायिक दुग्ध तथा मासु उत्पादनमा सहयोग पुऱ्याउन हिउँदे र बर्खे सिजनमा हरियो घासको उपलब्धता सुनिश्चित गरिनेछ। यसका लागि कृषकहरूलाई ५० प्रतिशत अनुदानमा **हिउँदे घाँस (बर्षिम/जै) र बर्खे घाँस (मकैचरी) को उन्नत बीउ वितरण कार्यक्रम** सञ्चालन गर्न **रु. ७ लाख ५० हजार रुपैयाँ** विनियोजन गरेको छु । यस कार्यक्रम बाट स्थानीय स्तरमै सन्तुलित पशु आहारको प्रवर्द्धन भई पशु स्वास्थ्य र प्रजनन क्षमतामा सुधार आउने अपेक्षा गरेको छु ।

महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा

सभाध्यक्ष महोदय

५३. विगतको सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका नागरिहरुको परिवारहरूको त्याग र उनीहरूले भोग्नुपरेको पीडाप्रति सम्मान व्यक्त गर्दै उनीहरूको दैनिक जीवनयापनमा राहत पुऱ्याउने कार्यक्रम लाई निरन्तरता दिएको छु । यसै अनुरूप नगरभित्रका **बेपत्ता नागरिकका परिवारहरूलाई प्रतिपरिवार मासिक रु. ३,०००/- का दरले 'बेपत्ता परिवार जीविकोपार्जन भत्ता'** बितरण कार्यक्रम को लागी **रु. ७ लाख रुपैयाँ** विनियोजन गरेको छु। यस कार्यक्रम बाट समाजमा सामाजिक न्याय, सद्भाव र दिगो शान्ति स्थापनामा सहयोग मा टेवा पुर्याई बेपत्ता परिवारका आश्रित सदस्यहरूको आधारभूत जीवनयापनमा सहजता आउने अपेक्षा गरेको छु ।

५४. नगरभित्र अपाङ्गता भएका नागरिकहरूको अधिकार संरक्षण, स्वास्थ्य सुधार तथा समाजमा ससम्मान पुन:स्थापित हुने वातावरण निर्माण गर्न नगरपालिका प्रतिबद्ध रहेको छ। अपाङ्गताको प्रारम्भिक पहिचान, रोकथाम र पुन:स्थापनाका कार्यहरूलाई थप प्रभावकारी बनाउन **सम्बद्ध साझेदार संस्थाहरूसँगको लागत साझेदारीमा 'अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम'** सञ्चालन गरिनेछ। यस कार्यक्रमका लागि **रु. ७ सात लाख रुपैयाँ** बजेट विनियोजन गरेको छु ।

५५. सुरक्षित बाल्यकाल, कुलतमुक्त युवा र सभ्य समाज: राजापुर नगरपालिकाको नयाँ आवाज भन्ने नार सहित हाम्रो सुन्दर नगरका बालबालिका र युवा पुस्ताको भविष्य सुरक्षित गर्दै एक सभ्य र सुशासित समाज निर्माण गर्न नगरपालिका प्रतिबद्ध छ। **सम्बद्ध साझेदार संस्थाहरूसँगको लागत साझेदारीमा** समाजमा व्याप्त बालविवाह,

लागूपदार्थ दुर्व्यसन र मानव बेचबिखन जस्ता विकृति र सामाजिक अपराधलाई जरैदेखि उखेल्न **व्यापक जनचेतनामूलक तथा नियन्त्रणमुखी अभियान** सञ्चालन गरिनेछ। साथै, निश्चित सूचकहरू पूरा गरी चालू आर्थिक वर्षभित्र नगरका लक्षित वडाहरूलाई **'बालविवाह मुक्त वडा' घोषणा** गर्ने नीति लिइनेछ। यस समग्र अभियानका लागि रु ३ लाख बजेट विनियोजन गरेको छु।

५६. हाम्रो समाजका पथप्रदर्शक र अनुभवका खानीका रूपमा रहेका आदरणीय जेष्ठ नागरिकहरूको सम्मान, मानसिक स्वास्थ्य र आध्यात्मिक सन्तुष्टिका लागि नगरपालिका सधैँ संवेदनशील रहेको छ। जीवनको उत्तरार्धमा रहनुभएका बुबाआमाहरूलाई देशका विभिन्न धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको दर्शन गराउने उद्देश्यले आगामी आर्थिक वर्षमा **'जेष्ठ नागरिक तीर्थयात्रा तथा अवलोकन भ्रमण कार्यक्रम' (मुस्लिम जनजाती र अल्पसंख्य)** सञ्चालन गरिनेछ। यस कार्यक्रमका लागि **रु. ३ तीन लाख रुपैयाँ** बजेट विनियोजन गरेको छु।

५७. नगरको दिगो विकास र सुशासनका लागि महिला र बालबालिकाहरूको अर्थपूर्ण सहभागिता र सबल नेतृत्व अपरिहार्य रहन्छ। नगरभित्र क्रियाशील बाल क्लब तथा महिला सञ्जालहरूलाई संस्थागत रूपमा सबल र सक्रिय बनाउन उनीहरूको **'क्षमता अभिमुखीकरण तथा नेतृत्व विकास तालिम'** सञ्चालन गरिनेछ। यस कार्यक्रमको लागी **रु. १ लाख ५० हजार रुपैयाँ** विनियोजन गरेको छु। यस कार्यक्रम बाट महिला र बालबालिकाहरूमा सार्वजनिक मञ्चहरूमा आफ्ना हकअधिकारका लागि आवाज उठाउन सक्ने आत्मविश्वास र नेतृत्व क्षमताको विकास हुनेछ भन्ने अपेक्षा राखेको छु।

५८. समाजमा पछाडि पारिएका र आर्थिक रूपमा जोखिममा रहेका वर्गको आर्थिक-सामाजिक रूपान्तरण बिना समृद्ध नगरको परिकल्पना सम्भव छैन। यसै यथार्थलाई आत्मसात् गर्दै नगरभित्रका **द्वन्द्वपीडित, दलित, अति विपन्न, महिला तथा एकल महिलाहरूको आर्थिक सशक्तिकरणका लागि मागमा आधारित 'सीप विकास तालिम तथा आयआर्जन कार्यक्रम'** सञ्चालन गरिनेछ। यस कार्यक्रमका माध्यमबाट उनीहरूलाई उद्यमशीलता तर्फ आकर्षित गरी स्वरोजगार बनाउन **रु. ३ तीन लाख ५० हजार रुपैयाँ** बजेट विनियोजन गरेको छु।

५९. **जेष्ठ नागरिकको सम्मान र चौतारी: राजापुर नगरपालिकाको सुखद दौंतरी** भन्ने मर्म सहित हाम्रो समाजका ज्युँदा इतिहास र आदरणीय अग्रजहरूको जीवनको उत्तरार्धलाई सहज, सुखमय र एकाकीपनमुक्त बनाउन नगरपालिका प्रतिबद्ध छ। जेष्ठ

नागरिकहरू एकै ठाउँमा जम्मा भई भजनकीर्तन, अनुभव आदानप्रदान, सुख-दुःख साटासाट र सृजनात्मक गतिविधिमा संलग्न हुन सकून् भन्ने उद्देश्यले स्थापित **'जेष्ठ नागरिक दिवा सेवा केन्द्र' सञ्चालन तथा सुदृढीकरण**का लागि **रु. १ एक लाख रुपैयाँ** बजेट विनियोजन गरेको छु । यस कार्यक्रम बाट स्थानीय सरकार आफ्ना संरक्षकहरूप्रति उत्तरदायी छ भन्ने उदाहरणीय सन्देश प्रवाह हुने अपेक्षा गरेको छु ।

न्यायीक समिती

सभाध्यक्ष महोदय

६०. नागरिकहरूलाई न्यायको सहज, सर्वसुलभ र निष्पक्ष पहुँच घरदैलोमै उपलब्ध गराउनु स्थानीय सरकारको एक सुन्दर र जिम्मेवार पक्ष हो। हाम्रो ५ वर्षे कार्यकालमा स्थानीय स्तरमै विवादको सौहार्दपूर्ण समाधान गरी मेलमिलापको जुन थिति र विश्वास हामीले स्थापित गरेका छौं, त्यसलाई थप सुदृढ बनाउन **'न्यायिक समिति तथा मेलमिलाप केन्द्र सञ्चालन कार्यक्रम' का लागि रु. ३ लाख ५० हजार रुपैयाँ विनियोजन** गरेको छु। यस कार्यक्रम ले स्थानीय मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धि गर्ने र वडा तहसम्मै न्यायको पहुँच पुऱ्याउने **विश्वास** लिएको छु। यसबाट राजापुर नगरपालिकामा विधिको शासन बलियो भई समाजमा शान्ति, अमनचयन र भ्रातृत्व कायम हुने **अपेक्षा** राखेको छु।

६१. नगरका सम्पूर्ण वडामा कानुनी सचेतना फैलाउन र मेलमिलाप संस्कृतिलाई संस्थागत गर्न **वडा नं. १ देखि १० सम्मै 'न्यायिक समितिमा दर्ता हुने मुद्दा र मेलमिलाप सम्बन्धी अभिमुखीकरण कार्यक्रम' का लागि रु. २ लाख विनियोजन** गरिएको छ। यस कार्यक्रम ले स्थानीय स्तरमै विवाद निरूपण गर्ने न्यायिक समितिको क्षमतालाई तल्लो तहसम्म मजबुत बनाउने **विश्वास** लिँदै, राजापुरलाई 'विवादरहित र न्यायप्रेमी नगर' का रूपमा स्थापित गर्न यसले ठूलो भूमिका खेल्ने **अपेक्षा** गरिएको छ।

६२. नगरबासीहरूको मानसिक स्वास्थ्य सबलीकरण तथा सचेतना अभिवृद्धिका लागि स्थानीय तहमा मनोपरामर्शदाता तयार गर्न **'मनोपरामर्श सम्बन्धी तालिम कार्यक्रम' का लागि रु. २ लाख विनियोजन** गरिएको छ। यस कार्यकालको अन्तिम वर्षमा सञ्चालित यस विशिष्ट कार्यक्रमले समाजमा बढ्दो मानसिक समस्या र निराशालाई न्यूनीकरण गरी नागरिकको आत्मबल बढाउन मद्दत पुग्ने **विश्वास** लिँदै, राजापुरलाई एक

स्वस्थ, सचेत र खुसी नगरका रूपमा अगाडि बढाउन यसले सहयोग पुऱ्याउने **अपेक्षा** गरिएको छु।

६३. आर्थिक अभाव वा अन्य व्यावहारिक कठिनाइका कारण कुनै पनि नगरबासी न्याय पाउनबाट बञ्चित हुन नपरोस् भन्नेमा हाम्रो सरकार सधैं सचेत र संवेदनशील रहेको छ। यसै सन्दर्भमा, न्यायिक समितिमा आउने विवादहरूमा असहाय, विपन्न र न्यायको पहुँचबाट टाढा रहेका पक्षहरूलाई कानुनी एवं प्रशासनिक प्रक्रियामा मद्दत पुऱ्याउन **'मुद्दा सहजीकरण खर्च' का लागि रु. २ दुई लाख रुपैयाँ विनियोजन** गरेको छु। यस कार्यक्रम ले गरिब र पिछडिएका नागरिकहरूलाई कानुनी प्रतिरक्षा र सहायता प्राप्त गर्न ठूलो आडभरोसा दिने **विश्वास** लिएको छु। यसबाट राजापुर नगरपालिकामा 'कोही नछुटून् र कोही नठगिऊन्' भन्ने समावेशी न्यायको सिद्धान्त पूर्ण रूपमा चरितार्थ हुने **अपेक्षा** राखेको छु।

६४. विकास निर्माण र सार्वजनिक स्रोत व्यवस्थापनका क्रममा उत्पन्न हुने जटिल एवं बहुपक्षीय विवादहरूलाई वार्ता र सहमतिबाटै हल गर्ने क्षमता विकासका लागि **'बहुसरोकारवाला विवाद सम्बन्धी तालिम कार्यक्रम' का लागि रु. १ लाख ५० हजार विनियोजन** गरिएको छ। यस कार्यक्रम ले संवादको संस्कृतिले भविष्यमा समेत नगरका ठूला समझदारीहरूलाई बलियो बनाउने **विश्वास** लिँदै, राजापुरलाई 'द्वन्द्वरहित र साझा विकासको नमुना नगर' बनाउन यसले मद्दत पुऱ्याउने **अपेक्षा** गरिएको छ ।

<u>आर्थिक विकास शाखा तर्फ</u>

६५. हाम्रा पुर्खाहरूले सुम्पिएको अमूल्य कला र संस्कृति नै राजापुरको असली पहिचान र समृद्धि हो। यस कार्यकालको अन्तिम वर्षमा हाम्रो मौलिक सांस्कृतिक सम्पदाको संरक्षण र पर्यटन प्रवर्द्धनलाई निरन्तरता दिन **'कला, संस्कृति र पर्यटन प्रवर्द्धन कार्यक्रम' का लागि रु. ५ पाँच लाख रुपैयाँ विनियोजन** गरेको छु।यस कार्यक्रमले राजापुरलाई आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्दै स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउने **अपेक्षा** राखेको छु।

६६. स्थानीय अर्थतन्त्रको बलियो खम्बाका रूपमा रहेका सहकारी संस्थाहरूलाई थप सुरक्षित, मर्यादित र पारदर्शी बनाउन सञ्चालकहरूको क्षमता अभिवृद्धि अपरिहार्य रहेको छ। यसै सन्दर्भमा, सहकारीहरूमा संस्थागत सुशासन कायम गरी सर्वसाधारणको बचत सुरक्षित गर्ने उद्देश्यका साथ **'सहकारी संस्थाका सञ्चालक समिति**

सदस्यहरूका लागि वित्तीय साक्षरता सम्बन्धी तालिम कार्यक्रम' का लागि रु. ३ लाख रुपैयाँ विनियोजन गरेको छु। यस तालिमबाट सञ्चालकहरूमा वित्तीय जोखिम व्यवस्थापन र व्यावसायिक दक्षता बढी नगरका सहकारीहरू सुरक्षित र उदाहरणीय बन्ने **अपेक्षा** राखेको छु।"

६७. गरपालिकाको क्षेत्राधिकार भित्रका सहकारी संस्थाहरूमा वित्तीय अनुशासन र नागरिकको बचत सुरक्षा सुनिश्चित गर्न **'सहकारी संघसंस्था अनुगमन, नियमन, निरीक्षण तथा पृष्ठपोषण कार्यक्रम' लाई विशेष प्राथमिकताका साथ निरन्तरता दिन रु १ लाख ५०हजार बजेट विनियोजन** गरेको छु यस कार्यक्रमले सहकारीहरूमा वित्तीय पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने **विश्वास** लिएको छु। साथै, कमि-कमजोरी सच्याउन दिइने पृष्ठपोषणले सहकारीहरूलाई सही मार्गमा डोऱ्याई नगरको सहकारी अभियानलाई थप सुदृढ बनाउने **अपेक्षा** गरिएको छ।

६८. स्थानीय संस्कृति, रैथाने परिकार र आतिथ्य सत्कारको माध्यमबाट ग्रामीण अर्थतन्त्रको विकास गर्न होमस्टे (सामुदायिक आवास) को भूमिका महत्त्वपूर्ण रहँदै आएको छ। हाम्रो मौलिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने विगत ५ वर्षको निरन्तर प्रयासलाई थप बलियो बनाउन **'होमस्टे प्रवर्द्धन कार्यक्रम' का लागि रु. १ लाख ५० हजार रुपैयाँ विनियोजन** गरेको छु। यस कार्यक्रमबाट ग्रामीण क्षेत्रका महिला तथा विपन्न वर्गको आयआर्जनमा टेवा पुऱ्याउने **विश्वास** लिएको छु। यस कार्यक्रमबाट आन्तरिक पर्यटन चलायमान भई राजापुर दिगो र पर्यावरणमैत्री पर्यटनको हब बन्ने **अपेक्षा** राखेको छु।

६९. सहकारी संस्थाहरूको आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन र व्यावसायिक व्यवस्थापन क्षमता अभिवृद्धि गर्न **सहकारीका सञ्चालकहरूका लागि वित्तीय साक्षरता तालिम सञ्चालनार्थ रु. ३ लाख विनियोजन** गरिएको छ। यस तालिमले नगरबासीको सारथीका रूपमा सहकारीहरू अझ बढी उतरदायी बन्नेछन् भन्ने **अपेक्षा** गरिएको छ।

बन, बातावरण तथा विपद् व्यवस्थापन

सभाध्यक्ष महोदय

७०. पर्यावरण संरक्षण र विपद् पूर्वतयारीलाई एकीकृत रूपमा अगाडि बढाउन **आगामी जुन ५ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूको समन्वय र सहकार्यमा 'विश्व वातावरण दिवस तथा कृत्रिम घटना अभ्यास कार्यक्रम' सञ्चालनका लागि रु १ लाख ५० हजार बजेट बिनियोजन** गरेको छु। यस कार्यकालको अन्तिम वर्षमा हुने यस विशेष अभ्यासले स्थानीय समुदाय र सुरक्षा निकायको प्रतिकार्य क्षमतालाई सवल बनाउने **विश्वास** लिँदै, राजापुरलाई पर्यावरणमैत्री र विपद् उत्थानशील (Resilient) पालिका बनाउन यसले मार्गदर्शन गर्ने **बिश्वास लिएको छु**।

७१. राजापुर नगरपालिकालाई नदी कटान र बाढीको जोखिमबाट सुरक्षित राख्दै पर्यावरणमैत्री विकासलाई बढावा दिनु हाम्रो प्राथमिक दायित्व हो। यसै सन्दर्भमा, परम्परागत र खर्चिलो प्रविधिको विकल्पमा रैथाने स्रोत र साधनको उपयोग गरी नदी किनाराका अति संवेदनशील क्षेत्रहरू जोगाउन **'जोखिम स्थानमा जैविक तटबन्ध (Bio-engineering) निर्माण कार्यक्रम' का लागि रु. २ दुई लाख रुपैयाँ विनियोजन** गरेको छु। यस कार्यक्रम बाट स्थानीय समुदायको जनसहभागितालाई बलियो बनाउने र जोखिमयुक्त बस्तीको सुरक्षा गर्ने **विश्वास** लिएको छु साथै कम लागत र दीगो प्रविधिबाट नदी कटान नियन्त्रण भई राजापुरका जोखिमयुक्त क्षेत्रहरू सुरक्षित र उत्थानशील बन्ने **अपेक्षा** राखेको छु।"

<u>उद्यशिल तथा रोजगारी सिर्जना</u>

७२. नगरपालिकाभित्र रहेका बेरोजगार युवा तथा लक्षित वर्गलाई उद्यमशीलता तर्फ आकर्षित गर्दै स्वरोजगारका अवसरहरू सिर्जना गर्न आगामी आर्थिक वर्षमा **'नयाँ उद्यमी सिर्जना कार्यक्रम'** सञ्चालन गरिनेछ। यस कार्यक्रमका लागि रकम **रु. ४ चार लाख रुपैयाँ** विनियोजन गरेको छु। यस कार्यक्रमबाट स्थानीय स्तरमा नवीन व्यावसायिक सोच भएका उद्यमीहरूको विकास भई नगरको आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास लिएको छु।

७३. नगरभित्र उद्यमशीलताको संस्कृति विकास गर्न, समुदायलाई स्वरोजगारका अवसरहरूप्रति सचेत र सङ्गठित गराउन तथा स्थानीय स्रोत र साधनको अधिकतम उपयोगका लागि **'उद्यम विकासका लागि सामाजिक परिचालन तथा उद्यमसिल**

तालिम कार्यक्रम' सञ्चालन गरिनेछ। यस कार्यक्रमका लागि आगामी आर्थिक वर्षका लागि रकम **रु. १ लाख ५० हजार रुपैयाँ मात्र** विनियोजन गरेको छु। यस परिचालनबाट गरिबी न्यूनीकरण र स्थानीय आर्थिक सबलीकरणमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेको छु।

खानेपानी तथा सरसफाई तर्फ

७४. सहरी तथा ग्रामीण क्षेत्रमा स्वच्छताको स्तर सुदृढ गर्न र योजनाबद्ध ढङ्गले खानेपानीका आयोजनाहरू सञ्चालन गर्न आवश्यक रणनीति तयार गरिनेछ। यस अन्तर्गत **नगर स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजनालाई समयसापेक्ष अध्यावधिक गर्न** म **रु. २ लाख** बजेट बिनियोजन गरेको छु।

७५. नगरपालिका अन्तर्गतका वडा कार्यालयहरू, सामुदायिक विद्यालयहरू तथा स्वास्थ्य संस्थाहरूको भौतिक वातावरणलाई स्वच्छ र व्यवस्थित राख्न कार्यरत जनशक्तिको क्षमता बढाउने नीति लिइएको छ। यसै अनुरूप त्यहाँ कार्यरत **कार्यालय सहयोगी तथा स्वीपरहरूको कार्यदक्षता वृद्धिका लागि 'कार्यालय सरसफाइ, छोटो अवधिको प्लम्बिङ तथा आधारभूत मर्मतसम्भार तालिम'** सञ्चालन गरिनेछ। तालिमपश्चात् कार्यस्थलमा आवश्यक पर्ने आधुनिक **सरसफाइ तथा प्राविधिक सामग्रीहरू वितरण** समेत गर्ने गरी **रु. २ दुई लाख रुपैयाँ** विनियोजन गरेको छु।

७६. हाम्रो समाजको परम्परागत, सांस्कृतिक तथा स्थानीय नेतृत्वको रूपमा रहेका बरघरहरूको भूमिकालाई नगरको विकास र जनस्वास्थ्य सुधारमा परिचालन गर्ने नीति लिइएको छ। यसै अनुरूप, **वडा नं. १ देखि १० सम्मका बरघरहरूका लागि 'पूर्ण सरसफाइ, खानेपानी तथा स्वच्छता (WASH) सम्बन्धी अभिमुखीकरण तालिम कार्यक्रम'** सञ्चालन गरिनेछ। स्थानीय समुदायलाई पूर्ण सरसफाइतर्फ अभिप्रेरित गर्न र पानीजन्य रोगहरूबाट बचाउन यो नेतृत्वदायी भूमिका प्रभावकारी हुने विश्वासका साथ **रु. २ दुई लाख रुपैयाँ** विनियोजन गरेको छु।

सम्मानित सभाका सभाध्यक्ष महोदय,

७७. हामीले यस ऐतिहासिक राजापुर नगरपालिकाको नेतृत्व सम्हालेको यस कार्यकालको यो अन्तिम बजेट वक्तव्य हो। बितेका वर्षहरूमा आदरणीय नगरबासीहरूले हामीप्रति देखाउनुभएको अगाध विश्वास, रचनात्मक सुझाव र सहयोगका लागि म हार्दिक आभार प्रकट गर्दछु। हामी जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी र सम्पूर्ण नगरबासीको साझा

प्रयासबाट राजापुरले विकास र सुशासनको मार्गमा एउटा बलियो जग बसाल्न सफल भएको छ। ५ वर्ष अगाडि हामीले जिम्मेवारी सम्हाल्दाका चुनौती र आज राजापुरले हासिल गरेका उपलब्धिहरू हाम्रा सामु छर्लङ्ग छन्। हामीले केवल बजेट मात्र विनियोजन गरेनौं, राजापुरको न्यायोचित र दिगो विकासको एउटा स्पष्ट मार्गचित्र (Legacy) कोरेका छौं। यो अन्तिम वर्षको बजेट कार्यान्वयनसँगै नगरको जग अझ मजबुत हुने र यसले आगामी पुस्तालाई समेत समृद्धिको दिशामा अघि बढ्न प्रेरित गर्नेछ भन्नेमा म **पूर्ण विश्वस्त** छु। हामीले छरेको विकासको यो बिउले आगामी दिनमा राजापुरलाई लुम्बिनी प्रदेशकै एक उत्कृष्ट र सम्पन्न पालिकाको रूपमा स्थापित गर्नेछ भन्ने **अपेक्षा र भरोसा** लिएको छु।"

७८. हामी नरहे पनि हामीले सुरु गरेका दीर्घकालीन योजनाहरू, स्वास्थ्य, शिक्षा र पूर्वाधारका क्षेत्रमा छाडेका पदचापहरूले राजापुरको समृद्ध भविष्यलाई सधैं मार्गदर्शन गरिरहनेछन् भन्ने **दृढ विश्वास** लिएको छु। कार्यकालको अन्तिम वर्षको यो बजेटले अधुरा योजनाहरूलाई पूर्णता दिंदै राजापुरलाई एक स्वावलम्बी र उदाहरणीय नगर बनाउने हाम्रो यात्रामा कोसेढुङ्गा सावित हुने **अपेक्षा** गर्दछु। आगामी दिनमा जसले नेतृत्व सम्हाले पनि राजापुरको विकासको यो गति अविच्छिन्न अगाडि बढ्नेछ भन्ने विश्वासका साथ सम्पूर्ण नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरूमा पुनः हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

प**धन्यवाद !**

अनुसूचीहरु

अनुसूची - १

राजापुर नगरपालिका

आ.ब. ०८३/०८४ को अनुमानित आय विवरण

क्र.स.	बिबरण	रकम	जम्मा रकम
१	**नेपाल सरकार**		६०४२४३०००
	समानिकरण अनुदान	१५९४०००००	
	राजश्व बाँडफाट	१२४७४३०००	
	शशर्त अनुदान चालु	३०४७०००००	
	शसर्त अनुदान पुँजीगत	६६०००००	
	समपुरक अनुदान	७०००००	
	बिशेष अनुदान	१८०००००	
२	**प्रदेश सरकार**		४२१७९०००
	समानिकरण अनुदान	११०७९०००	
	राजश्व बाँडफाट	१६०००००	
	समपुरक अनुदान	१२०००००	
	बिशेष अनुदान	२१०००००	
	चालु	१०००००	
	शसर्त अनुदान		
३	**आन्तरीक**		४०३७८८०००
	आन्तरिक राजश्व	६२४२५०००	
	अल्या	२८१३६३०००	
४	संघिय सरकारबाट हस्ताण्तरि कार्यक्रम		
	सामाजिक सुरक्षा भत्ता	१८००००००	१२०००००००
	जम्मा		११७०२१००००

अनुसूची - २

चालु आ.ब. २०८३/०८४ को अनुमानित व्याय बिबरण

क्र.स.	योजना/कार्यक्रम	श्रोत	बजेट	कैफियत
१	नगरपालिका चालु तथा प्रशासनिक खर्च		१७९०६००००	
२	नगर स्तरीय भौतिक पूर्वाधार तथा विविध कार्यक्रम		१२५१५००००	
३	नगरस्तरिय क्रमागत पुजीगत आयोजना		११७०००००	
४	वडास्तरिय पुजीगत खर्च		५१०००००	
	नगरस्तरीय चालु कार्यक्रम		४७६०००००	
५	सम्पुर्ण वडा स्तरिय प्रशासनिक खर्च		८०००००	
६	शिक्षा युबा तथा खेलकुद शाखा		७००००००	
७	स्वास्थ्य शाखा		८५०००००	
८	कृषि शाखा		४०००००	
९	पशु सेवा शाखा		४०००००	
१०	खानेपानी तथा सरसफाई		१०००००	
११	पन्जिकरण ईकाई		५०००००	
१२	न्यायिक समिति		१५०००००	
१३	बाताबरण तथा बिपद् ब्यबस्थापन शाखा		१०००००	
१४	आर्थिक बिकास शाखा		१५०००००	
१५	रोजगार शाखा		१०००००	
१६	उद्दम विकास शाखा		५०००००	
१७	शशर्त अनुदान चालु		३०४७०००००	
१८	शसर्त अनुदान पुँजीगत		६६०००००	
१९	समपुरक अनुदान		७०००००	
२०	संघिय विषेश अनुदान		१८०००००	
२१	शसर्त अनुदान पुँजीगत		१७५०००००	
२२	शसर्त अनुदान चालु		१०००००	
२३	समपुरक अनुदान		१२०००००	
२४	बिशेष अनुदान		२१०००००	
२५	संघिय सरकार हस्तान्तरित सामाजिक सुरक्षा भत्ता		१८००००००	
	जम्मा		११७०२१००००	

अनुसूची - ३

राजापुर नगरपालिका

आ.व. २०८३/०८४ को अनुमानित आन्तरिक आय तथा अनुदान प्राप्त विवरण

क्र.सं.	आय शिर्षक	शिर्षक नं.	अनुमानित आय	कैफियत
१	घर जग्गा रजिष्ट्रेशन शुल्क	१४१७७	१९००००००	
२	ढुङ्गा, बालुवा र गिट्टी निकासी	१४१७२	१३०००००	
३	घाट उत्राही कर	१४१७३	०	
४	मालपोत तथा भुमिकर	११३१४	८०००००	
५	सम्पत्ती कर	११३१३	१२०००००	
६	भाडा तथा बहालबाट आय	११३२१	२५०००००	
७	बिटौरी कर	११३२२	१०००००	
८	व्यवसाय कर	१४६११	१०००००	
९	नबिकरण शुल्क	१४२२९	३०००००	
१०	सवारी पार्किङ्ग शुल्क	१४२४१	५०००००	
११	अचल सम्पत्ती मूल्यांकन सेवा शुल्क	१४२२९	५०००००	
१२	सरसफाई सेवा शुल्क	१४२१९	५०००००	
१३	दर्ता दस्तुर	१४२२९	२०००००	
१४	नक्सा पास दस्तुर	१४२४२	१५०००००	
१५	सिफारिस तथा बक्सौनी दस्तुर	१४२४३	५०००००	
१६	नाता प्रमाणित/अन्य प्रमाणित दस्तुर	१४२४५	१०००००	
१७	अन्य बिक्री	१४२२९	५०००००	
१८	ब्यक्तिगत घटना दर्ता	१४२४४	८०००००	
१९	सवारी तथा मेशिनरी उपकरण भाडा(ब्याक हो लोडर , रोलर , पानी टंयाङ्कर र टिप्पर)	१४१५१	२५०००००	
२०	दण्ड जरिवान तथा अन्य दस्तुर	१४३१२	५०००००	
२१	अन्य सेवा शुल्क तथा आय	१४२१९	१५०००००	
२२	बिज्ञापन कर	११४७२	५००००	
२३	दहत्तर बहत्तर	१११७३	५००००	

२४	सपिङ्ग कम्प्लेक्स भाडा	१४१५१	१५०००००	
२५	बेरुजु	१५१११	१०००००	
२६	प्रदुषण नियन्त्रण शुल्क	१४५२१	५०००००	
२७	न्यायिक दस्तुर	१४२२१	५००००	
२८	मनोरन्जन कर	११४७३	७५०००	
जम्मा			६२४२५०००	

अनुसूची - ४

राजापुर नगरपालिका

नगरपालिकाको प्रशासनिक खर्च

क्र.स.	योजना/कार्यक्रम	श्रोत	बजेट
१	पारिश्रमिक कर्माचारी स्थायी		४२००००००
२	नगर प्रहरी तलब भत्ता		३५०००००
३	पारिश्रमिक कर्माचारी करार		४५०००००
४	सामाजिक सुरक्षा कोष योगदान		४०००००
५	कर्माचारी पोशाक		१५०००००
६	कर्माचारी महंगी भत्ता		१०००००
७	कर्मचारी प्रोत्साहन भत्ता		७०००००
८	कर्माचारी पुरस्कार		१०००००
९	पदाधिकारी चाडपर्व खर्च		७२००००
१०	पदाधिकारी बिषयगत बैठक भत्ता		५०००००
११	पदाधिकारी बैठक भत्ता		३५०००००
१२	पदाधिकारी सेवा सुविधा		१३०००००
१३	कर्मचारी कल्याण कोष		३०००००
१४	आर्थिक सहायाता		२०००००
१५	पानी तथा बिजुली		२५०००००
१६	संचार महसुल		५०००००
१७	सार्वजनिक उपयोगिताको सेवा खर्च		१०००००
१८	इन्धन (कार्यालय प्रयोजन)		४५०००००
१९	सवारी साधन मर्मत खर्च		२४०००००
२०	बिमा तथा नवीकरण खर्च		१२०००००
२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च		१०००००
२२	मसलन्द तथा कार्यालय सामाग्री		२५०००००

२३	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च		१००००००
२४	कार्यालय संचालन तथा अन्य खर्च		२२०००००
२५	सेवा र परामर्श खर्च		२०००००
२६	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च		१५०००००
२७	कम्प्युटर मेशनरी तथा औजार खरिद		१९५००००
२९	करार सेवा शुल्क		५०००००
३०	सामाजिक परिक्षण खर्च		२०००००
३१	स्थानिय तथा वित्तिय सुशासन जोखिम मुल्याङ्कन		१०००००
३२	उपभोक्ता समितिका पदाधिकारीहरुलाई अनुशिक्षण		२०००००
३३	प्रकोप ब्यबस्थापन कोष		५००००००
३४	कर्माचारी तलिम खर्च		५०००००
३५	अनुगमन, मूल्यांकन खर्च		५०००००
३६	भ्रमण खर्च		२५७३००००
३७	कर्माचारी सरुवा भ्रमण खर्च		२०००००
३८	पदाधिकारी भ्रमण अवलोकन		१००००००
३९	सार्वजानिक सुनुवाई		२०००००
४०	आन्तरिक राजश्व क्षमता सुधार कार्यक्रम		२०००००
४१	अथिति सत्कार खर्च		१५०००००
४२	भैपरी आउने पुँजिगत खर्च (कन्टेजेन्सी)		५००००००
४३	राजश्व तथा धरौटी फिर्ता		५००००
४४	कर्माचारी बैठक खर्च		२०००००
४५	पदाधिकारी क्षमता विकास तथा तलिम		५०००००
४६	विविध खर्च		२०००००

४७	नगर सभा सञ्चालन खर्च		१००००००
४८	घरभाडा		७०००००
४९	बिबिध गुरु योजना तथा डि पी आर निर्माण		२०००००
५०	सवारी साधन तथा मेशिनर औजार भाडा		२०००००
५१	करार कर्मचारि पदपुर्ति बैठक खर्च		400000
५२	पदाधिकारी/कर्मचारी सामुहिक दुर्घटना बिमा खर्च		400000
५३	भुमि प्रशासन तथा नापि शाखा सन्चालन ब्यबस्थापन		500000
५४	आ व २०८२।०८३ मा नगरपालिकाबाट तालिम लिईएका व्यक्तीहरुलाई प्रविधि हस्तान्तरण (पलम्बर, ईलेक्ट्रीएन, डकर्मी, डकर्मी)		500000
५५	५ बर्षे अबधिको बृत्तचित्र निर्माण	राजश्व बाँडफाँड	1000000
५६	नगर प्रमुख टेलिभिजन कार्यक्रम	राजश्व बाँडफाँड	1000000
५७	मापसे परिक्षण यन्त्र खरिद तथा अनुदान	राजश्व बाँडफाँड	500000
५८	समुदाय प्रहरि साझेदारी जनचेतनामुलक कार्यक्रम	राजश्व बाँडफाँड	200000
५९	राजापुर न.पा.मा उत्पादन तथा रोजगारिका संभाबना र अबसरबारे अनुसन्धान	राजश्व बाँडफाँड	700000
कुल जम्मा			१७९०६००००

अनुसूची - ५

राजापुर नगरपालिका

आ.व. २०८३/०८४ को नगर स्तरीय भौतिक पूर्वाधार तथा विविध कार्यक्रम

क्र स	कार्यक्रमको नाम	श्रोत	विनियोजित रकम
१	मुर्गहवा होमस्टे सार्बजनिक शौचालय निर्माण वडा न. १		५०००००
२	छोट्कि दौलतपुर सुकम्बासी बस्ती र सोहरिया जाने सडक स्तरोन्ती		५०००००
३	झबही अधुरो सामुदायिक भवन निर्माण		५०००००
४	छोट्कि दौलतपुर अधुरो सामुदायिक भवन निर्माण		३०००००
५	वडा न. ३ आरामिल देखि सेन्द्रा जाने सडक स्तरोन्नती		२५०००००
६	सेन्द्रा भवन देखि बनगैयाको घर सम्म सडक स्तरोन्नती		४०००००
७	वडा न ३ आरामिल नजिक कल्भर्ट निर्माण		१०००००
८	अनन्तपुर मन्दिर देखि कर्णालि नदिको ड्याम सम्म सडक स्तरोन्नती		२५०००००
९	दलई रामेश्वर को घर देखि कर्णाली नदिको ड्याम सम्म सडक स्तरोन्नती		२०००००
१०	शहिद पार्क जमिलको घर देखि पश्चिम गोबिन्द खनालको घर सम्म सडक स्तरोन्नति		१०००००
११	अग्नि अर्यालकोको घर देखि रईसको घर पछाडि सम्म सडक स्तरोन्नती		१०००००
१२	बुढिकुलो किनार मुरैया देखि बदालपुर घाट जाने बाटो स्तरोन्नती		५०००००
१३	कृष्णनगर रतैया नालामा अधुरो शेयर वाल निर्माण		१०००००
१४	चितैनपुर खेतको कुलोमा प्रखाल निर्माण		८०००००
१५	बसन्ता देखि पहाडिपुर बाटो स्तरोन्नती		२५०००००
१६	निहालपुर कल्भर्ट निर्माण		१०००००
१७	वडा नं. ६ कुनिया देखि झोलुङ्गे पुल सडक स्तरोन्नती		800000
१८	टपरा जलउपभोक्ता समितिको अधुरो भवन निर्माण		1000000
१९	जमुनाबोझि देखि उदयपुर जाने बाटो स्तरोन्नती		2500000
२०	बिक्रमपुर अधुरो सामुदायिक भवन निर्माण		1300000
२१	वडा कार्यालय र मानपुर टपरा मा.बि. मा पर्खाल निर्माण		1000000
२२	कुनिया प्रा.बि. अधुरो शिब मन्दिर निर्माण		४०००००
२३	भेरि मा.बि. बिद्यालय भवन निर्माण		५६०००००

२४	सडुवा अधुरो सामुदायिक भवन निर्माण		700000
२५	वडा न. ८ वडा कार्यालय अगाडि कल्भर्ट निर्माण		१००००००
२६	जल्पादेवी अधुरो मन्दिर निर्माण		७०००००
२७	मंगलपुर देखि उत्तर जाने सडक स्तरोन्नती		2500000
२८	पखैपुर देखि कजेनीपुर जाने सडक स्तरोन्नती		1000000
२९	लालपुर अधुरो सामुदायिक भवन निर्माण		1000000
३०	जगतराम थारुको घर देखि २ वडा कार्यालाय जाने सडक स्तरोन्नती		1500000
३१	बर्गदहि स्कुल देखि मुख्यजैपुर जाने सडक स्तरोन्नती		५०००००
३२	वडा नं. ९ बोक्सनिया झरणमा फलामको कल्भर्ट नजिक माटो पटानी		700000
३३	मानब बन्यजन्त द्वन्द नियन्त्रण आधुनिक बिद्धुतिय तारबार वडा न. १० ९ ७ ४ ३		2500000
३४	शंकरपुर फिल्ड पटानी		500000
३५	टेडिया स्कुलमा फिल्ड पटानी		300000
३६	प्राथमिक स्वास्थ्य केन्द्र स्तरोन्नती		3000000
३७	शान्तिपुर अधुरो भवन निर्माण		२०००००
३८	भेरि प्राबिधिक शिक्षालय सन्चालन ब्यबस्थापन		2000000
३९	सडक सुरक्षा कार्यक्रम सि सि क्यामर जडान		2000000
४०	हुलाकी सडक देखि स्वस्तिक धाम जाने सडकमा ब्लक बिछ्याउने		३५००००
४१	राजापुर शहरि सौन्दर्यिकरण कार्यक्रम		1200000
४२	रंगशाला कभर्टहल निर्माण		२५०००००
४३	मुर्गौह्वा कडम चोक देखि भडाली नाला छेउछाउ दक्षिण जाने बाटो स्तरोन्नती		७०००००
४४	टपरा नयाँ बसपार्क दक्षिण जाने बाटो		६०००००
४५	वडा न ८ पुरैना गाउँमा वडा नं. ९ जोड्ने कल्भर्ट		४५०००००
४६	सिमा सुरक्षा बल शंकरपुर देखि पुर्व मसानघाटा जाने बाटो स्तरोन्नती		१००००००
४७	गोडियाना देखि दुर्गानगर जाने बाट साझेदारीमा		१५०००००
४८	नव ज्योती प्रा वि नयाँगाउँ विद्यालयको लागि जग्गा खरिद		९०००००
४९	बाजी सडुवाबाट धोविनपुर जाने बाटो स्तरोन्नती		२०००००
५०	दौलतपुर मन्दिर पुन निर्माण		६०००००

५१	राजापुर नगरपालिकामा विराटरुप थारु संकृर्तीक गुरबाबा मुर्ती निर्माण		१५०००००
५२	वडा न ९ गुलरा चौक निर कल्भर्ट निर्माण		५०००००
५३	वेलुवा अधुरो सामुदायिक भवन		५०००००
५४	सनिदेव मन्दिर निर्माण		४०००००
५५	मुरैया सामुदायिक भवन निर्माण		२०००००
५६	काटि कृष्ण शार्कि को घर पुर्ब तर्फ वाल निर्माण		700000
५७	शान्तिपुर देखि उत्तर जाने बाटो स्तरोन्नती		500000
५८	धोबिनपुर पुरैना जाने सडकको नालामा स्ल्याब निर्माण		700000
५९	कोईका सँगको लागत साझेदारीमा मासु स्लटर हाउस निर्माण तथा क्यास क्रप्त (बर्दिया ग्रामिण बिकास कार्यक्रम) मा अनुदान		10050000
६०	समपुरक कोष (संघ प्रदेश र बिकास साझेदार साझेदारि)		३५000000
६१	हुलाकी सडक देखि मालपोत कार्यालय जाने सडक स्तरोन्नती		४०००००
६२	श्याम खाटु मन्दिर निर्माण		४०००००
६३	नंगापुर चोक देखि कर्णाली नदि जाने सडक स्तरोन्नती		१००००००
जम्मा			१२५१५००००

अनुसूची - ६

राजापुर नगरपालिका

आ.व. २०८३/०८४ को नगर स्तरीय चालु कार्यक्रमहरु

क्र स	कार्यक्रमको नाम	श्रोत	विनियोजित रकम
	बेपत्ता परिवार जिबिकोपार्जन भत्ता		७०००००
२	बास प्रशोधन कार्यक्रम		१५०००००
३	बडघर सन्चार खर्च सुबिधा		४५००००
४	नगर प्रमुख मातृ-शिशु पोषण तथा नि:शुल्क दूध वितरण कार्यक्रम		४५०००००
५	नगर प्रमुख थारु संस्कृति संरक्षण तथा माघी महोत्सव कार्यक्रम		१५०००००
६	नगर प्रमुख आधुनिक कृषि-उद्यम र स्वरोजगार योजना		३००००००
७	नगर प्रमुख किसान सुरक्षा कोष: नि:शुल्क कृषि तथा पशु बिमा कार्यक्रम (बाढी बाली विमा समेत)		८०००००
८	हेलो नगरप्रमुख तथा स्मार्ट पालिका निर्माण कार्यक्रम		४०००००
९	हाम्रो क्लिनिक, जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा		१००००००

१०	परम्परागत पेशा प्रविधि हस्तान्तरण तथा दलित समुदाय समृध्दि कार्यक्रम		१००००००
११	रक्त संन्चार केन्द्र ब्लड बैङ्क सन्चालन ब्यबस्थापन		५०००००
१२	राजापुर न.पा. कपडा बैङ्क सन्चालन ब्यबस्थापन		३५००००
१३	खेलकुद क्षेत्र बिकास कार्यक्रम		१८०००००
१४	ब्यायमशाला सन्चालन ब्यबस्थापन		१०००००
१५	सडक मानब मुक्त राजापुर कार्यक्रम		५०००००
१६	राजापुर नगरपालिका अन्तरगत मुल कुलोको मुहान सरसफाई		२५०००००
१७	बादी समुदाय आयआर्जन तथा उत्थान कार्यक्रम		४०००००
१८	६ कक्षा देखि माथीका विद्यार्थीहरुको अभिभावकहरुलाई एस एम एस जाने साझेदारी कार्यक्रम		३०००००
१९	महिला स्वयम् सेबिका लाई खाजा खर्च		1300000
२०	क्रिकेट खेलकुद विकास		२०००००
जम्मा			४७६०००००

अनुसूची - ७

राजापुर नगरपालिका

आ.व. २०८३/०८४ को नगर स्तरीय पूँजीगत कार्यक्रमहरु (क्रमागत)

क्र.स.	योजना/कार्यक्रम	श्रोत	बजेट
१	वडा नं २ वडा कार्यालय भवन निर्माण	नेपाल सरकार समानिकारण	१०००००
२	शितगृह निर्माण र समाग्री खरिद	नेपाल सरकार समानिकारण	२०००००००
३	वडा नं ४ प्राथामिक स्वस्थ्य केन्द्र जाने सडक कालोपत्रे	नेपाल सरकार समानिकारण	६०००००
४	राजापुर चोक बजार देखि अमर शहिद बहुमुखि क्याम्पस सम्म सडक कालोपत्रे	नेपाल सरकार समानिकारण	१३०००००
५	वडा नं. ८ धोबिनपुर देखि पुरैना जाने सडक कालोपत्रे	नेपाल सरकार समानिकारण	५०००००
६	ओस्ताजपुर देखि वडा कार्यालय सम्म सडक कालोपत्रे	नेपाल सरकार समानिकारण	५०००००
७	राम मन्दिर देखि झा मेडिकल सम्मको सडक कालोपात्रे क्रमागत	नेपाल सरकार समानिकारण	९०००००

८	वडा न. ५ त्रिबेणिबजार देखि वडा नं. ६ जोगीपुर सम्म सडक कालोपत्रे	नेपाल सरकार समानिकारण	५००००००
९	राजापुर १० कोठियाघाट पिकनिक स्पोर्टमा शहिदहरुको शालिक निर्माण	नेपाल सरकार समानिकारण	११५०००००
१०	बर्दिया जिल्ला राजापुर न.पा. वडा नं. ६ र ९ मा टपरा -इश्वरीगञ्ज सडक स्तरोन्नती कार्य।	नेपाल सरकार समानिकारण	२०००००
११	मुरैया लालपुर सडक फेज १	नेपाल सरकार समानिकारण	७०००००
१२	कोठियाघाट पिकनिक स्पट निर्माण क्रमागत	नेपाल सरकार समानिकारण	७५०००००
१३	मुरैया लालपुर सडक कालोपत्रे फेज २	नेपाल सरकार समानिकारण	६०००००
१४	मुरैया लालपुर सडक फेज ३	नेपाल सरकार समानिकारण	४५०००००
१५	जनजागृति प्रा.बि. करमोहनी	नेपाल सरकार समानिकारण	५०००००
१६	नेपाल बैङ्क लि. देखि रहिस को पसल हुदै पश्चिम मस्जिद जाने सडक स्तरोन्नती	नेपाल सरकार समानिकारण	९०००००
१७	खानेपानी सुद्दिकरण परियोजना	नेपाल सरकार समानिकारण	२५०००००
१८	मा.बि. नयागाँउ अधुरो भवन	नेपाल सरकार समानिकारण	५०००००
कुल जम्मा			११५०००००

अनुसूची - ८

राजापुर नगरपालिका

आ.व. २०८३/०८४ को वडागत चालु तथा प्रशासनिक बजेट

शिर्षक		वडाहरु										जम्मा
चालु खर्च		१	२	३	४	५	६	७	८	९	१०	
१	मसलन्द तथा कार्यालय सामाग्री	१३००००	१३००००	१३००००	१३००००	१३००००	१३००००	१३००००	१३००००	१३००००	१३००००	१३०००००
२	मर्मत सम्भार	७००००	७००००	७००००	७००००	७००००	७००००	७००००	७००००	७००००	७००००	७०००००
३	दैनिक भ्रमण भत्ता	६००००	६००००	६००००	६००००	६००००	६००००	६००००	६००००	६००००	६००००	६०००००
४	खानेपानी तथा विद्युत महशुल	६००००	६००००	६००००	६००००	६००००	६००००	६००००	६००००	६००००	६००००	६०००००
५	संचार महसुल	७००००	७००००	७००००	७००००	७००००	७००००	७००००	७००००	७००००	७००००	७०००००
६	अन्य कार्यलय संचालन	८००००	८००००	८००००	८००००	८००००	८००००	८००००	८००००	८००००	८००००	८००००
७	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	८००००	८००००	८००००	८००००	८००००	८००००	८००००	८००००	८००००	८००००	८०००००
८	आर्थिक सहायता	१०००००	१०००००	१०००००	१०००००	१०००००	१०००००	१०००००	१०००००	१०००००	१०००००	१००००००
९	विविध	१५००००	१५००००	१५००००	१५००००	१५००००	१५००००	१५००००	१५००००	१५००००	१५००००	१५०००००
	जम्मा	८०००००	८०००००	८०००००	८०००००	८०००००	८०००००	८०००००	८०००००	८०००००	८०००००	८००००००

अनुसूची - ९

राजापुर नगरपालिका

